प्र.मि.नं. ४९८२
०७५/३/२२
# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
"... devoted to making differences positively."

प.सं. PSTD/ClsT/49
च.नं. ८०३/०७४/७५

मिति : २०७५/३/२१

श्री वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

वन तथा वातावरण मन्त्रालय
गो.व.नं.: ४९६८ मिति: ३/२९
फा.द.नं.: ........ मिति: ........

विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन ।

नेपाल सरकार र सार्वजनिक निकायहरूमा कार्यरत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Professional Course on Management and Development (PCMD) आ.व.२०७५/७६ को पहिलो चौमासिक अवधिमा संलग्न समयतालिका बमोजिम संचालन हुने व्यहोरा जानकारी गराउँदछु । अधिकृतहरूको मूलभूत सक्षमता (Core Competencies) मा आधारित ३० कार्यदिन संचालन हुने यस तालिम कार्यक्रममा तहाँबाट ४ वटा कार्यक्रमहरूको लागि जम्मा **२ (दुई) जना** तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई संलग्न समयतालिका र सोको लागि मनोनित कर्मचारीहरुको नामावली (संलग्न मनोनयन फाराम सहित) मिति २०७५/०४/०८ गतेसम्म प्रतिष्ठानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गर्ने व्यहोरा अनुरोध छ ।

मनोनयनका आधारहरू र सम्बन्धित व्यवस्था :

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७५ असार मसान्त सम्ममा न्यूनतम ३ वर्षको सेवा अवधि पुरा भएको हुनुपर्नेछ ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन् ।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरू समावेश गरिनेछ ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ ।
५. मनोनयनको स्वीकृति ज्येष्ठताको आधारमा गरिनेछ ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन ।
७. मनोनयन फाराम र Online फाराम भर्ने तरिका प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ । सम्बन्धित उम्मेदवारले प्रतिष्ठानको वेभसाइटमा राखिएको तालिम लिंकमा क्लिक गरी सम्बन्धित मन्त्रालयको मनोनयनपत्र र मनोनयन फाराम अपलोड गर्न सक्नेछन् ।
८. वैकल्पिक उम्मेदवारहरूको व्यवस्था रहेको छैन ।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ । मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ ।

शितल मोक्तान तामाङ
अध्ययन उपनिर्देशक,
मोबाइल नं. ९८५१०२२६८३

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
: Hello Nepal Administrative Staff College, Audio Notice Board No,: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np

PSTD/CIsT/49

## नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

आ.व.२०७५/७६ को प्रथम चौमासिक अवधिमा संचालन हुने
Professional Course on Management and Development विषयक ३० कार्यदिनको
**प्रशिक्षण कार्यक्रमहरूको समय तालिका**

| कार्यक्रम | संचालन हुने मिति |
|---|---|
| पहिलो | २०७५ श्रावण १४ गतेदेखि २०७५ भाद्र २५ गतेसम्म ३० कार्यदिन |
| दोश्रो | २०७५ श्रावण २१ गतेदेखि २०७५ आश्विन २ गतेसम्म ३० कार्यदिन |
| तेश्रो | २०७५ श्रावण २८ गतेदेखि २०७५ आश्विन ११ गतेसम्म ३० कार्यदिन |
| चौथो | २०७५ भाद्र ४ गतेदेखि २०७५ आश्विन १८ गतेसम्म ३० कार्यदिन |